## स्थानीय तहहरूमा कार्यरत करार प्राविधिक कर्मचारी परिचालन विधि, २०८०

*मा. मन्त्रीस्तर निर्णयबाट स्वीकृत मितिः२०८०।०८।२६*

**प्रस्तावनाः** मन्त्रालय तथा मातहतका निकायहरूमा विनियोजित कार्यक्रम/क्रियाकलापहरू प्रभावकारी तथा व्यवस्थित रूपमा सञ्चालनका लागि मन्त्रालय मातहत कार्यालयहरू मार्फत स्थानीय तहहरूमा चौथो तहका करार प्राविधिक परिचालन गर्न लुम्बिनी प्रदेशको सुशासन नियमावली, २०७७ को दफा ९ बमोजिम लुम्बिनी प्रदेश, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यस परिचालन विधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस परिचालन विधिको नाम "स्थानीय तहहरूमा कार्यरत करार प्राविधिक कर्मचारी परिचालन विधि, २०८०" रहेको छ।

(२) यो परिचालन विधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस परिचालन विधिमा:-

(क) "करार प्राविधिक" भन्नाले यस मन्त्रालयबाट जारी भएको सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनोट सम्बन्धी कार्यविधि, २०७८ बमोजिम छनोट भई करारमा कार्यरत नायब प्राविधिक सहायक र नायब पशु सेवा प्राविधिक सहायक चौथो तहका प्राविधिकलाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले मन्त्रालय तथा मातहत कार्यालयहरूमा वार्षिक स्वीकृत कार्यक्रम वा क्रियाकलापलाई सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले मन्त्रालय तथा मातहत कार्यालयहरूमा विनियोजित वार्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृत कार्यविधिलाई सम्झनु पर्छ।

(घ) "कार्यविवरण" भन्नाले सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनोट सम्बन्धी कार्यविधि, २०७८ मा तोकिएको कार्यविवरण सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय तथा मन्त्रालय मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय र अन्य कार्यालयहरूलाई सम्झनु पर्छ।

(च) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(छ) "कृषि उद्यमी" भन्नाले सम्बन्धित निकायमा दर्ता भएका कृषि उद्यम गर्ने व्यवसायीहरूलाई सम्झनु पर्छ।

(ज) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, तेलहन, दलहन, पुष्प, पशुपंछी, मासु, दूध, अण्डा, हाड/छाला, माछा, उन, च्याउ, मौरी, रेशम, कफी, अलैंची, सुपारी,

घाँसेबाली, कपास, जुट, उखु लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(झ) "निर्देशन समिति" भन्नाले यस परिचालन विधि बमोजिम करार कर्मचारी परिचालनका क्रममा नीतिगत व्यवस्था गर्न र आवश्यक निर्देशन दिन गठित दफा ४ को उपदफा (१) बमोजिमको समितिलाई सम्झनु पर्छ।

(ञ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ट) "परिचालन विधि" भन्नाले स्थानीय तहहरूमा करार प्राविधिक कर्मचारी परिचालन विधि, २०८० लाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले यस परिचालन विधि अनुसार दफा ४ को उपदफा (२) बमोजिम गठित करार प्राविधिक परिचालन समितिलाई सम्झनु पर्छ ।

(ढ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

(ण) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका वा उप-महानगरपालिकालाई सम्झनु पर्छ।

३. **उद्देश्यः** यस परिचालन विधिको मुख्य उद्देश्य मन्त्रालय मातहत कार्यालयहरू मार्फत स्थानीय तहहरूमा खटाइएका करार प्राविधिकहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न;

(क) कार्यालयले कार्यक्रम सञ्चालन स्थलमै कार्य क्षेत्र तोकी प्रभावकारी रूपमा सामाजिक परिचालन तथा कृषि प्रविधि प्रसार सेवा प्रवाहका लागि परिचालन गर्ने,

(ख) कृषक, कृषक समूह, सहकारी तथा उद्यमीहरूलाई उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बन्धी समन्वय तथा सचेतना सम्प्रेषण गर्ने,

(ग) कृषकहरूको उत्पादन, बजारीकरण, लाभग्राही/सेवाग्राहीहरू र कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सूचना सङ्कलन लागि परिचालन गर्ने।

४. **परिचालन विधि कार्यान्वयनका लागि संरचनात्मक व्यवस्थाः** (१) यस परिचालन विधि कार्यान्वयनका क्रममा आवश्यक नीतिगत व्यवस्था, समस्या समाधान, अनुगमन र आवश्यक निर्देशन दिनको लागि देहाय बमोजिमको सात सदस्यीय निर्देशन समिति रहनेछः-

(क) सचिव, कृषि तथा भूमि व्यवस्था मन्त्रालय — अध्यक्ष

(ख) प्रमुख/निर्देशक, कृषि विकास निर्देशनालय — सदस्य

(ग) प्रमुख/निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सदस्य

(घ) महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा सदस्य

(ङ) महाशाखा प्रमुख, प्रशासन महाशाखा सदस्य

(च) प्रमुख, आर्थिक प्रशासन शाखा सदस्य

(छ) मन्त्रालयले तोकेको अधिकृत कर्मचारी सदस्य सचिव

(२) जिल्लास्तरमा करार प्राविधिक परिचालन, व्यवस्थापन तथा सुपरिवेक्षणका लागि देहाय बमोजिमको तीन सदस्यीय करार प्राविधिक परिचालन समिति रहनेछः-

(क) कार्यालय प्रमुख (कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय अध्यक्ष

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा सदस्य

(ग) कार्यालयको योजना हेर्ने कर्मचारी वा कार्यालयले तोकेको अन्य कर्मचारी सदस्य सचिव

५. **करार प्राविधिक परिचालनः** (१) कार्यालयबाट करार गरी स्थानीय तहहरूमा परिचालित करार प्राविधिकहरूलाई आवश्यकता अनुसार कार्यालय मातहत राखी सूचना तथा तथ्याङ्क सङ्कलन, सूचना प्रसार, प्राविधिक सेवा, उपचार सेवा, सामाजिक परिचालन, सचेतना आदि कार्यका लागि परिचालन गर्न सकिनेछ। तर स्थानीय तहहरूमा परिचालित करार प्राविधिकहरूलाई आवश्यकताका आधारमा स्थानीय तहहरूमै परिचालन गर्न बाधा पर्नेछैन।

(२) उपदफा (१) बमोजिम कार्यालय मातहत राखी परिचालन गरिने करार प्राविधिकहरूलाई देहायका क्षेत्रहरूमा परिचालन गर्नु पर्नेछ।

(क) कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, आवश्यकता अनुसार मन्त्रालय मातहत अन्य कार्यालयहरूमा पनि परिचालन गर्न सकिनेछ।

(ख) कृषि सहकारीहरू मार्फत कृषि प्रसार कार्यक्रमका क्षेत्रहरू,

(ग) बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रमका क्षेत्रहरू,

(घ) ठूला सिंचाई आयोजनाहरूको कमाण्ड क्षेत्रमा बाली सघनता विकास कार्यक्रमका क्षेत्रहरू,

(ङ) एडाप्टिभ रिसर्चका क्षेत्रहरू,

(च) नमूना उत्पादन व्यावसायिक प्रणाली अनुसरण कार्यक्रमका क्षेत्रहरू,

(छ) लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रमका क्षेत्रहरू,

(ज) कार्यालयले आवश्यक ठानेका अन्य कार्यक्रमहरू,

(झ) मन्त्रालयले तोकेका अन्य कार्यक्रमहरू।

(३) उपदफा (२) बमोजिम खटाइएको कर्मचारीलाई सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनोट सम्बन्धी कार्यविधि, २०७८ मा तोकिएको कार्यविवरणका अलावा थप कार्यजिम्मेवारी दिन सक्नेछ र उक्त तोकिएको थप जिम्मेवारी समेत करार प्राविधिकले पूरा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम परिचालित करार प्राविधिकलाई सहजीकरण तथा सुपरिवेक्षणका लागि कार्यालयले एक जना सुपरिवेक्षक तोक्नेछ। सुपरिवेक्षकले उक्त प्राविधिकको मासिक तथा त्रैमासिक रूपमा गर्ने कामको कार्ययोजना तयारी तथा कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्नु पर्नेछ।

(५) करार प्राविधिकले भ्रमण गरी कार्य सञ्चालन गर्नु पर्ने भएमा कामकाजको लागि खटाउने सम्बन्धित कार्यालय वा स्थानीय तहले निजलाई प्रचलित नियमानुसार दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च उपलब्ध गराउन सक्नेछ।

६. **हाजिरी प्रमाणितको व्यवस्थाः** (१) कार्यालयले स्थानीय तहको वडा/हरू तोकी परिचालन गरेका करार प्राविधिक कर्मचारीको हाजिर प्रमाणित सम्बन्धित वडाका वडा सचिवबाट प्रमाणित गर्न पर्नेछ।

(२) कार्यालयले स्थानीय तहमा परिचालन गरेका करार प्राविधिक कर्मचारीको हाजिर प्रमाणित सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत वा कृषि/पशु सेवा शाखा प्रमुखबाट प्रमाणित गर्नु पर्नेछ।

(३) दफा (१) र (२) बमोजिम परिचालन गरेका करार प्राविधिक कर्मचारीलाई दफा ५ को उप-दफा (२) मा तोकिएको कार्यक्रम सञ्चालन/सहजीकरण गर्न पर्ने स्थान विशेष तोकी सहकारी/समूह/फर्म/कम्पनी वा अन्य संस्थामा परिचालन गर्नुपर्ने भएमा यसरी तोकिएको संस्थाबाट तोकिएको अवधिमा कार्य गरेको पत्रको आधारमा तोकिएको सुपरिवेक्षकको सिफारिसमा सम्बन्धित कार्यालय प्रमुखले गर्नु पर्नेछ।

७. **अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणः** (१) सुपरिवेक्षकले करार प्राविधिकको कामको नियमित अनुगमन तथा सुपरिवेक्षण र पृष्ठपोषण गर्नु पर्नेछ।

(२) करार प्राविधिकले मासिक तथा त्रैमासिक कार्ययोजना र कार्ययोजना अवधि समाप्त भएपछि गरेको कामको प्रतिवेदन कार्यालयले तोकेको सुपरिवेक्षक कर्मचारी मार्फत कार्यालयलाई दिनु पर्नेछ।

(३) सम्बन्धित कार्यालय, निर्देशनालय, मन्त्रालय वा अन्य सरोकारवालाले करार प्राविधिकलाई तोकिएको काम तथा जिम्मेवारीको आवश्यकता अनुसार संयुक्त वा छुट्टाछुट्टै अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा निर्देशन दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्ययोजना तथा प्रतिवेदन र उपदफा (३) बमोजिम अनुगमन तथा निर्देशनको अभिलेख कार्यालयले राख्नु पर्नेछ।

(५) उपदफा ३ बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

८. **उत्प्रेरणा र क्षमता विकास सम्बन्धी व्यवस्थाः** (१) यसरी परिचालन गरिएका करार प्राविधिक कर्मचारीले सम्पादन गरेको कार्यको मूल्याङ्कन गरी निजलाई पुरस्कृत गर्न सकिनेछ। साथै निजहरूको क्षमता विकास गर्नका लागि आवश्यक क्षमता विकास सम्बन्धी तालिम, कार्यशाला, गोष्ठी, अन्तरक्रिया सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

९. **समन्वयः** मन्त्रालय वा मातहत कार्यालयले करार प्राविधिकहरूको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन सरोकारवाला निकायहरू एवम् संघ/संस्थाहरूसँग समन्वय गर्न सक्नेछ।

१०. **व्याख्या तथा संशोधनः** यस परिचालन विधि कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ। यस परिचालन विधिको आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

सचिव